# त्रिभुवन विश्वविद्यालय
# इन्जिनियरिङ्ग अध्ययन संस्थान
# डीनको कार्यालय, पुल्चोक

**इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत संचालित विद्यावारिधि कार्यक्रममा शोधकार्य गरिरहेका तर तोकिएको समय सीमाभित्र आफ्नो शोधकार्यलाई पुरा गर्न नसकेका शोधार्थीहरुको सम्बन्धमा Ph.D. Re–registration गराउनका लागि एक कार्यविधि तयार गर्ने सम्बन्धमा**

## गठित समितिको

## Ph.D. Re–registration कार्यविधि

**२०७५, चैत्र**

## १. परिचय

त्रिभुवन विश्वविद्यालय अन्तरगत पाँच अध्ययन संस्थानहरुमध्ये इन्जिनियरिङ्ग अध्ययन संस्थान एक हो । देशको इन्जिनियरिङ्ग क्षेत्रको प्राविधिक क्षमता अभिवृद्धि गर्ने अभिप्रायले इन्जिनियरिङ्ग विधाका विभिन्न क्षेत्रहरुमा उच्चस्तरीय दक्ष जनशक्ति उत्पादन गर्नुका साथै शोध तथा अनुसन्धानका क्षेत्रहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आजको विश्वव्यापीकरणको चुनौतीपूर्ण आवश्यकतालाई मध्यनजर राखी उच्चस्तरको अध्ययन अनुसन्धानको खोज गर्ने मूख्य उद्धेश्यले इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत पुल्चोक क्याम्पसमा वि.सं. २०५४ (इ.सं.१९९७) देखि विभिन्न विधाहरुमा विद्यावारिधि कार्यक्रम सञ्चालनमा रहेको भएतापनि वि.सं. २०७०( इ.सं.२०१३)देखि मात्र नियमित रुपमा विद्यावारिधिका कार्यक्रमहरु संचालनमा रहेको पाइन्छ । हालसम्म विभिन्न विषयहरुमा शोधकार्य सम्पन्न गर्नुहुने शोधार्थीहरुको संख्या २८ रहेको देखिन्छ ।

यसरी इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत संचालित विद्यावारिधि कार्यक्रममा शोधकार्य गरिरहेका तर तोकिएको समय सीमाभित्र आफ्नो शोधकार्यलाई पुरा गर्न नसकेका शोधार्थीहरुको सम्बन्धमा **Ph.D. Re–registration** गराउनका लागि एक कार्यविधि तयार गर्ने सम्बन्धमा इन्जिनियरिङ्ग अध्ययन संस्थान, डीनको कार्यालयको मिति २०७५/११/१५, च. नं. १६९१ को पत्रानुसार श्रीमान डीनज्यूबाट देहायअनुसारको ४ सदस्यीय कार्यविधि तयारी समिति गठन गरिएको थियो ।

### <u>समितिको गठन</u>

| | | |
|---|---|---|
| १. | प्रा.डा. त्रिरत्न बज्राचार्य, मेकानिकल इन्जिनियरिङ्ग विभाग, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक | संयोजक |
| २. | प्रा.डा. भद्र प्रसाद पोखरेल, एप्लाइड साइन्सेस विभाग, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक | सदस्य |
| ३. | प्रा.डा. गोकर्ण बहादुर मोत्रा, क्याम्पस प्रमुख, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक | सदस्य |
| ४. | श्री भृगुदेवी सापकोटा, योजना शाखा प्रमुख, इ.अ.सं., डीनको कार्यालय, पुल्चोक | सदस्य-सचिव |

## २. समितिको कार्यावली

समितिलाई  मिति २०७५/१२/१० को पत्रानुसार निम्न अनुसारको कार्यावलि प्रदान गरिएको थियो ।

क) इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत संचालित विद्यावारिधि कार्यक्रममा शोधकार्य गरिरहेका तर तोकिएको समय सीमाभित्र आफ्नो शोधकार्यलाई पुरा गर्न नसकेका शोधार्थीहरुको सम्बन्धमा Ph.D. Re–registration गराउनका लागि एक कार्यविधि तयार गर्ने ।

## ३. कार्यविधि

समितिद्वारा निर्धारित समयावधि भित्र तोकिएको कार्य सम्पन्न गर्न निम्न विधि अपनाइयो ।

- इ.अ.संस्थान, अनुसन्धान समितिद्वारा पूर्व स्वीकृत गरिएका निर्णयहरुको अध्ययन गरियो ।
- इ.अ.सं विद्यावारिधि तहको निर्देशिकाहरु अध्ययन गरियो ।
- विश्वका विख्यात विश्वविद्यालयहरुमा प्रचलित एजाम सँग सम्बन्धित निर्देशिकाहरु अध्ययन गरियो ।

## ४. सुझाव तथा निष्कर्ष

कार्यविधि तयारी समितिले विभिन्न चरणमा गरेको अध्ययन र छलफलका आधारमा निम्न बमोजिम सुझाव तथा निष्कर्षहरु सिफारिस गरिएको छ ।

- इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत संचालित विद्यावारिधि कार्यक्रममा शोधकार्य गरिरहेका तर तोकिएको समय सीमाभित्र आफ्नो शोधकार्यलाई पुरा गर्न नसकेका शोधार्थीहरुलाई Pre-Requisite Course पूरा गरिसकेको हुनाले पूनः Pre-Requisite Course लिन नपर्ने तर आफ्नो अनुसन्धानसँग सम्बन्धित ४ क्रेडिट को एक विषय Advanced Course सरह विभागीय अनुसन्धान समितिले तोके अनुसार पूरा गर्नुपर्ने ।
- Research Publication, SCI तथा SSCI Journal मा प्रकाशित गर्नुपर्ने ।
- Ph.D. Re–registration गर्ने शोधार्थीले बढीमा २ वर्षमा Ph.D. सक्नुपर्ने ।
- Ph.D. Re–registration गर्ने शोधार्थीले पहिलेको तिर्न वाँकी रहेको शिक्षण शुल्क बुझाए पश्चात भर्ना हुने ।
- भर्ना पश्चात् तोकिएको शिक्षण शुल्क Ph.D. Defense नभएसम्म नियमित रुपमा इन्जिनियरिङ्ग अध्ययन संस्थानको Ph.D. Rules and Regulations मा तोकिए अनुसार बुझाउनुपर्ने ।